Symbol No.................. RE-123'AC'

**SEE 2074 (2018)**

# अनिवार्य सामाजिक अध्ययन

**(नयाँ पाठ्यक्रम)**

**दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् ।**

**समय : २ घन्टा १५ मिनेट** **पूर्णाङ्क : ७५**

## समूह 'क' (Group 'A')

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् ।** **७x१=७**

**Write very short answer of the following questions.**

१. मानव विकास सूचकाङ्क गणना गर्नुको एउटा उद्देश्य लेख्नुहोस् ।
Write one objective of calculating human development index.

२. स्वरोजगारले देशको आर्थिक समृद्धि हासिल गर्न कसरी मद्दत पुऱ्याउँछ ? आफ्नो विचार एक वाक्यमा लेख्नुहोस् ।
How does self-employment help to enrich economic prosperity of a nation? Write your view in a sentence.

३. हाम्रा सांस्कृतिक सम्पदाहरुको संरक्षणबाट हुने कुनै दुईओटा फाइदाहरु लेख्नुहोस् ।
Write any two advantages of preserving our cultural heritages.

४. मानव बेचबिखन नियन्त्रणमा सरकारले खेल्नुपर्ने कुनै एक भूमिका उल्लेख गर्नुहोस् ।
Mention a role that should be played by the government to control human trafficking.

५. '१२ बुँदे दिल्ली समझदारी' कहिले भएको थियो ?
When was '12 points Delhi Agreement' held?

६. विप्रेषण रकमको सही सदुपयोग गर्ने कुनै एक उपाय सुझाउनुहोस् ।
Write any one suggestion to utilize the remittance properly.

७. नेपालले संयुक्त राष्ट्रसंघको सदस्यको नाताले खेलेको कुनै एक भूमिका लेख्नुहोस् ।
Write any one role played by Nepal as the UN member country.

## समूह 'ख' (Group 'B')

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् ।** **१०x४=४०**

**Write short answer of the following questions.**

८. प्रदेश नं. १ र प्रदेश नं. ५ का दुई समानता र दुई भिन्नताहरु प्रस्तुत गर्नुहोस् ।
Write any two similarities and differences between province No. 1 and Province No. 5.

९. नेपालमा निर्माण हुन लागेका आयोजनाहरुमा स्वदेशी वा विदेशी लगानीमध्ये कुन उपयुक्त लाग्छ ? लेखाजोखा गर्नुहोस्
Which type of investment do you prefer in the ongoing development projects in Nepal either internal of foreign? Evaluate.

क्रमशः

१०. तपाईंको विचारमा मानव बेचबिखनका प्रमुख कारणहरु के-के हुन् ? चार बुँदामा उल्लेख गर्नुहोस् ।
What are the main causes of human trafficking? Write your views in four points.

११. नेपालमा छुवाछुत प्रथा गैरकानुनी भए तापनि पूर्ण रुपमा हटेको छैन । समाजमा छुवाछुत गर्ने व्यक्तिलाई त्यसो नगर्नका लागि कसरी सम्झाउनुहुन्छ ? चार बुँदामा लेख्नुहोस् ।
Although, untouchability is an illegal act, it has not been eradicated yet. How would you convince a person of your community believing in untouchability? Write in four points.

१२. तपाईं बसोबास गर्ने प्रदेशको प्रदेशसभा कसरी समावेशी छ ? आफ्नो साथीलाई समावेशिताको बारेमा एउटा चिठी लेखी प्रस्ट्याउनुहोस् ।
How is your Provincial Parliament inclusive? Clarify the inclusiveness by writing a letter to your friend.

१३. उत्तर अमेरिकी राष्ट्रहरुमध्ये संयुक्त राज्य अमेरिका र क्यानाडाले प्रशस्त आर्थिक उन्नति गर्नु तर त्यही महादेशका अन्य देशहरुको आर्थिक उन्नति हुन नसक्नुका कारणहरु विश्लेषण गरी चार बुँदामा लेख्नुहोस् ।
North American countries like the USA and Canada have done better economic progress but other countries of the same continent are less developed. What are the causes behind it? Mention your analytical reasons in four points.

१४. मौसमी हावापानीको क्षेत्रमा बढी जनघनत्व हुनुका कुनै चार कारणहरु लेख्नुहोस् ।
Write any four reasons for being high density of population in monsoon climate region.

१५. द्वितीय विश्वयुद्धको कारण र असरलाई समेटेर निम्न शीर्षकमा एउटा छोटो विवरण तयार गर्नुहोस् ।
Prepare a short description assembling the cause and effect about the second world war on the following topics:

- हिटलर र मुसोलिनीको नीति (Policy of Hitler and Mussolini)
- युद्धमा सामेल भएका मुख्य राष्ट्रहरु (Major countries involved in the war)
- युद्धमा गोरखा सैनिकको भूमिका (Role of Gorkha's Army)
- तपाईंको आफ्नो निष्कर्ष (Your own conclusion)

१६. सहकारी सिद्धान्तबाट कस्ता प्रेरणाहरु प्राप्त गर्न सकिन्छ ? कुनै चारको सूची तयार पार्नुहोस् ।
What are the inspirations that we can get from principle of co-operatives? List any four of them.

क्रमश:

१७. तल दिइएका संयुक्त राष्ट्रसंघका विशिष्टीकृत संस्थाहरुको पूरा रूप र प्रत्येकको एक/एकओटा कार्य उल्लेख गर्नुहोस् ।

Write the full form of the following the UN specialized agencies and mention one function of each of them.

i) WHO ii) FAO iii) ILO iv) UNHCR

## समूह 'ग' (Group 'C')

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् ।** **४x७=२८**

**Write long answer of the following questions.**

१८. लोक सेवा आयोग र निर्वाचन आयोगबीच तिनीहरुको गठन प्रक्रियाको आधारमा तीनओटा बुँदामा समानता र कामको आधारमा चारओटा बुँदामा भिन्नता देखाउनुहोस् ।

Show the three similarities between Public Service Commission and Election Commission on the basis of their formation process and differentiate them on the basis of works done by them in four points.

१९. पृष्ठभरि नेपालको नक्सा बनाई निम्न तथ्यहरु भर्नुहोस् ।

Draw a full page map of Nepal and insert the following facts in it.

अर्घाखाँची (Arghakhanchi), चोयु हिमाल (Mt. Choyu) , कर्णाली लोकमार्ग (Karnali Highway), तिलिचो ताल (Lake Tilicho)

**अथवा (Or)**

उत्तर अमेरिकाको नक्सा बनाई निम्न तथ्यहरु भर्नुहोस् ।

Draw a map of North America and insert the following facts there.

कर्कट रेखा (Tropic of Cancer), मृत उपत्यका (Death Valley), सेन्ट लरेन्स नदी (St. Lawrence river), मेक्सिको खाडी (Gulf of Mexico)

२०. 'ब्रिटिश साम्राज्यवाद र राणाहरुको स्वार्थरुपी साँठगाँठले गर्दा विश्वयुद्धहरुमा नेपालीहरुको सहभागिता भएको थियो' यस भनाइको आधारमा एक विश्लेषणात्मक टिप्पणी लेख्नुहोस् ।

'Nepalese had participated in World Wars due to the vested close knot between British Imperialism and Ranas.' Make an analytical note on this statement.

२१. सहकारीका विशेषता उल्लेख गर्नुहोस् । सहकारीले आर्थिक वृद्धि तथा विकासमा सहयोग पुऱ्याउँछ । प्रस्ट पार्नुहोस् ।

Mention the features of cooperatives. Explain how cooperatives help the economic growth and development. .

# माध्यमिक शिक्षा परीक्षा २०७४ (SEE 2018)
# उत्तरकुञ्जिका (Marking Scheme)

## विषय: **अनिवार्य सामाजिक अध्ययन**

पूर्णाङ्क:- ७५

उत्तरपुस्तिका परीक्षण कुञ्जिका उत्तरपुस्तिका परीक्षणको निम्ति परीक्षकलाई सामान्य मार्गनिर्देशन हो । परीक्षकले उत्तरको शुद्धता, स्तरीयता, मौलिकता आदि हेरी आवश्यकता अनुसार विवेक प्रयोग गरी स्तर अनुसार सही, स्पष्ट, उपयुक्त, मापनीय र स्तरीय मूल्याङ्कन गर्नुपर्ने छ । सम्भव भएसम्म कुञ्जिकाले निर्देश गरेको परिधि र सीमाभित्र रही मूल्याङ्कन गर्नुपर्ने छ ।

| Q.No. | उत्तर | Marks |
|---|---|---|
| 1. | – मानव विकासको अवस्था पहिचान,<br>– मानव विकासको अवस्थाको सुधार वा मानव विकासको अवस्था सुधार गर्न रणनीति तयार पार्न<br>वा मिल्दा उद्देश्य लेखेमा । | 1 |
| 2. | – आयआर्जन वृद्धि<br>– पूँजी सङ्कलन<br>– लगानी बवद्धि<br>यी र यस्तै मिल्दो कुनै १ बुँदा उल्लेख गर्दै एक वाक्यमा लेखेमा | 1 |
| 3. | साँस्कृतिक सम्पदाको संरक्षणको निम्न मध्ये कुनै दुई फाइदा लेखेमा ०.५x२ अङ्कका दरले :<br>– देशको पहिचान र गौरव बढ्ने,<br>– देशको पहिचान अन्तर्राष्ट्रिय स्तरमा फैलिने,<br>– पर्यटन व्यवसायको विकास हुने,<br>– कला र संस्कृतिको संरक्षण हुने,<br>– भावी पुस्तालाई पुर्खाहरुको योगदान जानकारी हुने । | 1 |
| 4. | – कानूनको प्रभावकारी कार्यान्वयन,<br>– दोषीलाई कडा सजाय,<br>– चेतनामूलक कार्यक्रम सञ्चालन,<br>– प्रभावकारी Media Coverage नीति ।<br>यी र यस्तै कुनै एक मिल्दो उत्तर लेखेमा | 1 |
| 5. | – २०६२ मंसिर ७ लेखेमा । | 1 |
| 6. | – उत्पादनमूलक क्षेत्रमा लगानी वृद्धि गर्नुपर्ने,<br>– फजुल खर्चमा कमि ।<br>यी र यस्तै मिल्दो १ बुँदा लेखेमा । | 1 |
| 7. | – उपनिवेशवादको विरोध,<br>– ठूला र शक्तिशाली राष्ट्रहरुले साना राष्ट्रहरुलाई गरेको हस्तक्षेपको विरोध,<br>– UN शान्ति मिसनमा संलग्नता ।<br>यी र यस्तै मिल्दो कुनै १ बुँदा लेखेमा । | 1 |
| 8. | दिइएका दुई समानताहरु जस्तै मिल्ने दुई बुँदा लेखेमा ।<br>– दुबै प्रदेशमा तराई पहाडको भौगोलिक बनावट मिल्दो जुल्दो भएको, | 2 |

| | | |
|---|---|---|
| | सामाजिक, साँस्कृतिक, जातीय विविधताहरू जस्ता समानताहरु दुई बुँदामा लेखेमा ।<br>फरक :<br>क) क्षेत्रफलमा फरक (प्रदेश नं. १ को २५,९०५ वर्ग कि.मि. र प्रदेश नं. ५ को २२,२८८ वर्ग कि. मि.)<br>ख) प्रदेश १ मा भन्दा प्रदेश ५ मा तराईको क्षेत्र बढी पर्ने,<br>वा यस्तै मिल्ने दुई फरकहरु लेखेमा | 2 |
| 9. | नेपालमा निर्माण हुन लागेका विकास आयोजनाहरुमा स्वदेशी लगानी नै उत्तम हुन्छ । लेखेमा<br>स्वदेशी लगानीलाई उत्तम मान्नुका कारणहरु :<br>– स्वदेशी लगानीमा निर्माण भएका आयोजनाहरुप्रति अपनत्व रहन्छ ।<br>– वैदेशीक लगानी ग्रहण गर्दा विभिन्न किसिमका सम्झौताहरु गर्नुपर्ने हुन्छ । कतिपय सम्झौताहरु स्वदेशका लागि भन्दा लगानीकर्ता देशका लागि फाइदा हुने खालका हुन सक्छन् ।<br>– स्वदेशी लगानीमा विकास निर्माणका आयोजना सञ्चालन गर्दा स्वदेशी नागरिकहरुले नै रोजगारका अवसर पाउँछन् ।<br>जस्ता तिनओटा बुँदाहरु लेखेमा प्रत्येकको १ अङ्कका दरले | 1<br><br>3 |
| 10. | – आम नागरिकमा शिक्षाको कमी,<br>– गरिबीको प्रभाव,<br>– कानूनको कार्यान्वयन नहुनु,<br>– दण्डहीनता वृद्धि आदि जस्ता चार बुँदामा लेखेमा । | 4 |
| 11. | – सबै मानिसहरु कानूनमा समान छन्,<br>– छुवाछुत गर्दा सामाजिक अपराध हुन्छ,<br>– छुवाछुत गरेमा कानुन बमोजिम दण्डित भइन्छ<br>– समतामूलक समाज निर्माणका लागि आफैबाट छुवाछुतको अन्त्यको सुरुवात गर्नुपर्दछ ।<br>यी वा यस्तै ४ ओटा सुझाव लेखेमा । | 4 |
| 12. | क) महिलाको सहभागिता,<br>ख) दलितको सहभागिता,<br>कानूनमा व्यवस्था भए अनुसारको छ भनी उल्लेख गर्दै साथीलाई पत्र लेखेमा | |
| 13. | संयुक्त राज्य अमेरिका र क्यानडामा मानव संसाधनको विकास,<br>– मानव संसाधनको विकास,<br>– दक्ष जनशक्ति, स्रोत र साधनको परिचालन,<br>– व्यापार र वाणिज्यको उन्नती,<br>– कृषिमा प्रविधिको प्रयोग,<br>– सेवा क्षेत्रको विस्तार,<br>– उद्योगमा आधुनिकीकरण हुनु<br>तर अन्य मुलुकमा मानव संसाधनको विकास हुन नसक्नु, भ्रष्टाचार, स्रोतसाधनको कमी, स्वास्थ्य सेवा सुविधाको कमी, परम्परागत कृषि प्रणाली आदि उल्लेख गर्दै विश्लेषण सहितको ४ बुँदा उल्लेख गरेमा । | 4 |
| 14. | तलका जस्तै ४ वटा मिल्ने बुँदामा उत्तर लेखेमा ।<br>– प्रशस्त वर्षा हुनु, | 4 |

| | | |
|---|---|---|
| | – हावापानीको अनुकुल अवस्था हुनु,<br>– माटो उर्बर हुनु,<br>– मानव सभ्यताको उत्पति स्थलहरु हुनु । | |
| 15. | – कम्युनिष्ट विरोधि गुप्त सन्धि गर्ने, रुसको प्रभावलाई रोक्ने, बेलायत र फ्रान्सको सैन्य शक्तिको तुलनामा आफ्नो सैन्य शक्ति वृद्धि गर्ने आदि उल्लेख गरेमा ।<br>– जर्मनी, इटली र जापान धुरी राष्ट्रको रुपमा र रुस, बेलायत र फ्रान्स मित्र राष्ट्रको रुपमा सामेल भएका थिए भनी नाम लेखेमा ।<br>– गोरखा सैनिकले साइप्रस, अफगानिस्तान, वर्मा, मलाया, फिलिपिन्स आदि राष्ट्रमा वीरतापूर्वक लडेर भिक्टोरिया क्रस जस्तो सम्मानित पदक पाएको उल्लेख गरेमा ।<br>– उपयुक्त विश्लेषण सहित सारांश लेखेमा/निश्कर्ष दिएमा । | 1<br>1<br>1<br>1 |
| 16. | उक्त सिद्धान्तबाट निम्न प्रेरणा लिन सकिन्छ ।<br>– सामुहिकताको भावना,<br>– स्वयंसेवीता,<br>– लोकतान्त्रिक मूल्य मान्यताको अनुशरण,<br>– आपसी सहकार्य,<br>– समुदायप्रतिको उत्तरदायित्व ।<br>वा यस्तै मिल्ने बुँदा लेखेमा | 4 |
| 17. | (i) WHO- World Health Organization<br>कार्य - विश्व खाद्य संप्रभुता संरक्षण एवम् कृषि अनुसन्धान कार्य<br>(ii) FAO- Food and Agricultural Organization<br>कार्य - स्वास्थ्य सम्बन्धि जन चेतना कार्यक्रमहरू विश्वव्यापी सञ्चालन<br>(iii) ILO- International Labour Organization<br>कार्य - बाल श्रम तथा शोषण विरुद्धको पैरवी<br>(iii) UNHCR- United Nations High Commission for Refugees<br>कार्य - शरणर्थीहरूलाई आधारभूत सुविधा तथा सुरक्षा प्रवन्ध गर्ने<br>वा यस्तै मिल्ने कार्य हरू लेखेमा | 1<br>1<br>1<br>1 |
| 18. | गठन प्रक्रियाको आधारमा लोकसेवा आयोग र निर्वाचन आयोग बीच समानता :<br>– संवैधानिक परिषदको सिफारिसमा राष्ट्रपतिबाट आयोगका सबै सदस्यहरुको नियुक्ति हुने,<br>– दुबैमा नियुक्त भएका सदस्यहरुको पदावधि ६ वर्षको हुने,<br>– यी दुबैमा सदस्य पदमा नियुक्त हुनको लागि नेपाली नागरिक हुनुपर्ने, ४५ वर्ष पूरा भएको हुनपर्ने ।<br>यी वा यस्तै ३ ओटा समानता लेखेमा ।<br>कामको आधारमा यी २ आयोग बीच भिन्नता :<br>१) लोकसेवा आयोगले निजामती कर्मचारी भर्ना गर्न विज्ञापन गर्ने, परीक्षा लिने गर्दछ भने निर्वाचन आयोगले विभिन्न तहका निर्वाचनको सञ्चालन र नियन्त्रण गर्दछ ।<br>२) निजामति सेवाको पद बाहेक सङ्घीय सरकारी सेवा र संगठित संस्थाको पदपूर्तिको लागि लोकसेव आयोगले नै परीक्षा सञ्चालन गर्दछ भने निर्वाचन सम्बन्धी आचारसंहिता निर्धारण गर्ने काम निर्वाचन आयोगले गर्दछ । | 3 |

| | | |
|---|---|---|
| | ३) निजामति पदका लागि आवश्यक पर्ने योग्यता, परीक्षाको किसिम, सबैको निर्णय गर्ने काम लोकसेवा आयोगले गर्दछ भने निर्वाचन सम्बन्धि सबै कुराको निर्णय निर्वाचन आयोगले गर्दछ ।<br>यी र यस्तै चार ओटा बुँदामा उत्तर दिएमा । | 4 |
| 19. | नक्सा बनाएको ३ अङ्क<br>विवरण भरेको ४ अङ्क<br><br><br>अथवा<br><br> | 3<br>4 |
| 20. | तल उल्लेख गरीए जस्तै बुँदा समावेश गरी विश्लेषणात्मक टिप्पणी तयार पारेमा ।<br>१) राणाहरु ब्रिटिस निर्भर थिए ।<br>२) राणाहरुको अधिपत्य ब्रिटिस सरकारको मद्दतको कारणले टिकेको थियो ।<br>३) भारतमा ब्रिटिस विरोधी गतिविधि नियन्त्रण गर्न राणाहरुले सैन्य सहयोग गरेका थिए । | 7 |

| | | |
|---|---|---|
| | ४) युवाशक्ति युद्धमा पठाउँदा राणा विरोधि गतिविधि नहुने आँकलन गरेर ।<br>५) युद्धमा नेपाली युवा पठाएवापत राणा सरकारले एकमुष्ट आर्थिक लाभ प्राप्त गर्दथ्यो ।<br>६) राणाहरुले देश भित्र रोजगारीको व्यवस्था गर्न नसकेर वा यस्तै मिल्ने कारण दिएमा | |
| 21. | सहकारीका विशेषता : समान अधिकार, स्वेच्छा, प्रजातान्त्रिक, सहभागितामूलक जस्ता बुँदा लेखेमा ।<br>सहकारीको योगदान :<br>– सर्वसाधारणबाट सानो पूँजी संकलन गरी ठूलो पूँजी निर्माण,<br>– सहुलियत दरमा ऋण प्रवाह,<br>– स्थानिय ज्ञान, सीप, प्रविधिको विकासमा सहयोग,<br>– राष्ट्रिय आयमा अभिवृद्धि,<br>– उत्पादन र उत्पादकत्व बढाउने ।<br>जस्ता बुँदा लेखी प्रष्ट पारेमा | 2<br><br><br><br><br><br><br>5 |
| | | |

Symbol No.................. RE-123'BC'

**SEE 2074 (2018)**

# अनिवार्य सामाजिक अध्ययन

**(नयाँ पाठ्यक्रम)**

**दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् ।**

**समय : २ घन्टा १५ मिनेट** **पूर्णाङ्क : ७५**

## समूह 'क' (Group 'A')

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् ।** **७x१=७**

**Write very short answer of the following questions.**

१. नेपालमा संघीयताको कार्यान्वयनले ल्याउने कुनै एक सबल पक्ष उल्लेख गर्नुहोस् ।
Mention any one strong aspect carried out by the implementation of federalism in Nepal.

२. मध्य पहाडी लोकमार्ग समयमा नै सम्पन्न गर्न स्थानीय सरकारको भूमिका के-के हुन सक्छन् ? एक वाक्यमा उल्लेख गर्नुहोस् ।
What role should local government play to complete mid-hill highway in scheduled time? Write in a sentence.

३. कुनै एउटा राष्ट्रिय दिवस मनाउनका लागि एउटा नारा तयार पार्नुहोस् ।
Prepare a slogan for the celebration of any one national day.

४. बालश्रम अन्त्य गर्ने प्रयासहरु प्रभावकारी नहुनुमा कसलाई जिम्मेवार ठान्नुहुन्छ ? एक वाक्यमा लेख्नुहोस् ।
Whom do you consider responsible for the ineffective implementation of efforts to control child labour? Write in a sentence.

५. नेपालको अन्तरिम शासन विधान कहिले पारित भयो ?
When was Interim Rule Act of Nepal promulgated?

६. बिमाको कुनै एक सकारात्मक प्रभाव लेख्नुहोस् ।
Write a positive impact of insurance.

७. संयुक्त राष्ट्रसंघको कुन कार्यक्रमको नारा 'शून्य एच.आई.भी. संक्रमण, शून्य विभेद र शून्य एच.आई.भी.ले हुने मृत्यु' भन्ने रहेको छ ?
Which UN program has the main slogan 'Zero HIV Infection, Zero Discrimination and Zero Death by HIV'?

## समूह 'ख' (Group 'B')

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् ।** **१०x४=४०**

**Write short answer of the following questions.**

८. 'मानव संसाधन विकास देश विकासको आधार हो' पुष्टि गर्नुहोस् ।
'Human resource development is the foundation for nation development.' Justify.

क्रमशः

९. 'स्थानीय तहको विकास योजना र यसको कार्यान्वयनले स्थानीय तहको विकासमा सकारात्मक प्रभाव पार्दछ' यस भनाइलाई कुनै चार बुँदामा स्पष्ट पार्नुहोस् ।
'The local level development plan and its implementation brings positive impact in development of local level.' Clarify in four points.

१०. मार्टिन लुथर किङ र कैलाश सत्यार्थीबीच पाइने योगदानका कुनै चारओटा समानताहरु तालिकामा प्रस्तुत गर्नुहोस् ।
Present in table the similarities between the contribution made by Martin Luther King and Kailash Satyarthi.

११. तपाईंको समुदायमा छोरीलाई दाइजो दिनैपर्छ भन्ने अभिभावकलाई कसरी सम्झाउनुहुन्छ ? आफ्ना विचार चार बुँदामा उल्लेख गर्नुहोस् ।
How would you convince the parents who insist to give dowry to daughters in your community? Write your views in four points.

१२. प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन २०७४ मा मतदाता शिक्षा अपेक्षाकृत रुपमा किन प्रभावकारी हुन सकेन ? चार बुँदामा लेख्नुहोस् ।
Why was the voter's education for the election of the member of Federal Parliament and Provincial Assembly 2074 B.S. not found effective as expected? Write in four points.

१३. प्राकृतिक प्रकोपको परिचय दिनुहोस् । भूकम्प र बाढीपहिरोबीच तीन बुँदामा फरक देखाउनुहोस् ।
Introduce natural disaster. Differentiate between earthquake and flood & landslide in three points.

१४. शीत प्रदेशका मानिसहरुका प्रमुख आर्थिक क्रियाकलापहरु के-के हुन् ? कुनै चार क्रियाकलापहरु उल्लेख गर्नुहोस् ।
What are the main economic activities of people of cold zone? Mention any four activities of them.

१५. वि.सं. २००७ - २०१५ सालसम्मका कुनै चारओटा प्रमुख राजनीतिक घटना छान्नुहोस् र त्यसलाई उपयुक्त मितिसहित समयरेखामा देखाउनुहोस् ।
Select any four major political events between the period of 2007 - 2017 B.S. and show it in a timeline with appropriate dates.

१६. 'हामीले या त जलविद्युत् शक्तिको प्रशस्त उत्पादन गर्नुपर्छ या त वैकल्पिक ऊर्जाको विकास गर्नुपर्छ । त्यसपछि मात्र देशको आर्थिक विकासले गति लिनेछ' यस भनाइलाई पुष्टि गर्न चार बुँदामा तपाईंको विचार राख्नुहोस् ।
'Either we should produce large amount of hydroelectricity or alternative energy, then the economic development of a country will be accelerated.' Prove this statement with your own view in four points.

क्रमश:

१७. संयुक्त राष्ट्रसंघमा नेपालले खेलेको चार भूमिका लेख्नुहोस् ।
Write four roles played by Nepal in the United Nations Organization.

## समूह 'ग' (Group 'C')

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् । ४x७=२८**
**Write long answer of the following questions.**

१८. नेपालमा सम्पन्न तीन तहको संघीय संरचनाको निर्वाचनमा निर्वाचन आयोगको भूमिकाको मूल्याङ्कन गर्दै फोटोसहितको मतदाता परिचय पत्रले निर्वाचनलाई स्वच्छ र निष्पक्ष बनाउन कसरी टेवा पुऱ्याएको छ ? कारणहरु दिनुहोस् ।
Evaluate the role of Election Commission of Nepal in successfully conducting the election of three levels of Federal Nepal. How did biometric Voting Identity Card enable the election to be free and fair? Give reasons.

१९. पृष्ठभरि नेपालको नक्सा बनाई निम्न तथ्यहरु भर्नुहोस् ।
Draw a full page map of Nepal and insert the following facts in it.
दिक्तेल (Diktel), स्याउ उत्पादन क्षेत्र (Apple Production Area), छिन्नमस्ता मन्दिर (Chhinnamasta Temple), तिनाउ नदी (River Tinau)

**अथवा (Or)**

दक्षिण अमेरिकाको नक्सा बनाई निम्न तथ्यहरु भर्नुहोस् ।
Draw a map of South America and insert the following facts there.
ब्युनस आयर्स (Buenos Aires), मकर रेखा (Tropic of Capricorn), कोटोपाक्सी (Cotopaxi), पराना नदी (River Parana)

२०. राजनीतिक विचारधारा, बदलाको भावना तथा राष्ट्रसंघको असफलता दोस्रो विश्वयुद्धका प्रमुख कारणहरु थिए, कसरी ? छोटकरीमा वर्णन गर्नुहोस् ।
Political ideology, feelings of revenge and failure of the League of Nations were the major causes of the second world war, how? Explain in brief

२१. तपाईं औपचारिक वित्तीय संस्थामा बचत गर्न वा ऋण लिन उपयुक्त ठान्नुहुन्छ, किन ? विश्लेषण गर्नुहोस् ।
Why do you consider better to save or take loan from the formal financial institutions? Analyse.

# माध्यमिक शिक्षा परीक्षा २०७४ (SEE 2018)
# उत्तरकुञ्जिका (Marking Scheme)

## विषय: **अनिवार्य सामाजिक अध्ययन**

पूर्णाङ्क:- ७५

उत्तरपुस्तिका परीक्षण कुञ्जिका उत्तरपुस्तिका परीक्षणको निम्ति परीक्षकलाई सामान्य मार्गनिर्देशन हो । परीक्षकले उत्तरको शुद्धता, स्तरीयता, मौलिकता आदि हेरी आवश्यकता अनुसार विवेक प्रयोग गरी स्तर अनुसार सही, स्पष्ट, उपयुक्त, मापनीय र स्तरीय मूल्याङ्कन गर्नुपर्ने छ । सम्भव भएसम्म कुञ्जिकाले निर्देश गरेको परिधि र सीमाभित्र रही मूल्याङ्कन गर्नुपर्ने छ ।

| Q.N. | उत्तर | Marks |
|---|---|---|
| 1. | – प्रतिस्पर्धात्मक विकास<br>– सन्तुलित विकास<br>– साधन स्रोतको न्यायोचित वितरण आदि ।<br>यी र यस्तै मिल्दो बुँदा लेखेमा | 1 |
| 2. | – स्थानीय सरकारले केन्द्र सरकारलाई दबाब दिने,<br>– निश्चित बजेट छुट्याउने<br>वा यस्ता मिल्दा उत्तर लेखेमा | 1 |
| 3. | एउटा उपयुक्त नारा जस्तै :<br>– बालवालिकाको संरक्षण, हाम्रो दायित्व,<br>– समतामा आधारित शिक्षा एक्काईसौं शताब्दीको आवश्यकता<br>वा यस्तै मिल्दा नारा लेखेमा | 1 |
| 4. | सरकारलाई । किनकी कानूनको कार्यान्वयन प्रभावकारी गर्न सकेको छैन ।<br>वा यस्तै मिल्दो लेखेमा । | 1 |
| 5. | २००७ चैत्र १७ गते लेखेमा | 1 |
| 6. | – जोखिमको क्षतिपूर्ति,<br>– अनिवार्य र नियमित बचत,<br>– सुरक्षित भविष्य,<br>– लाभांशको प्राप्ति हुने<br>यी र यस्तै मिल्दो पक्ष लेखेमा | 1 |
| 7. | एच.आई.भी./एड्स सम्बन्धी संयुक्त राष्ट्रसंघीय कार्यक्रम | 1 |
| 8. | – योजनामा आधारित जनशक्ति आपूर्ति गर्ने भएकाले<br>– जनशक्तिको माग र आपूर्ति बीच सन्तुलन हुने भएकाले<br>– रोजगारी र स्वरोजगारी सिर्जना गरी गरिबी निवारणमा सहयोग पुऱ्याउने भएकाले<br>– लक्षित समूहको क्षमता विकास र परिचालन हुने भएकाले<br>– समय सापेक्ष प्रतिस्पर्धी जनशक्तितयार हुने भएकाले<br>– युवा समुहमा नेतृत्वक्षमता विकासमा सघाउ पुऱ्याउने भएकाले यी र यस्तै | |

<table>
<tr><td></td><td>आशययुक्त उत्तरहरु कुनै ४ ओटा उल्लेख गरेमा १ अङ्कका दरले</td><td>4</td></tr>
<tr><td>9.</td><td>स्थानीय तहमा संचालित विकास योजना र ती योजनाहरुको सही कार्यान्वयनले स्थानीयतहमा सकरात्मक प्रभाव पार्दछ । किनकी<br>– यसले स्थानीय स्रोतको पहिचान र परिचालन हुने,<br>– स्थानीय विकासमा जन सहभागिता बढ्ने,<br>– स्थानीय सरोकारवालाहरु द्वारा जनश्रम जुट्ने,<br>– योजनाअनुरुप समयमै काम सम्पन्नहुने,<br>– योजनामा स्थानीयको अपनत्व विकास हुने,<br>– स्थानीय आवश्यकतामा आधारित योजना छनौट हुने ।<br>यी र यस्तै भाव आउने ४ बुँदा उल्लेख गरेमा</td><td>4</td></tr>
<tr><td>10.</td><td>समानताहरु :<br>– दुबै नागरिक अधिकारकर्मी,<br>– स्वतन्त्रता, समानता र सम्मानका लागि सङ्घर्ष,<br>– शान्तिपूर्ण आन्दोलनलाई प्राथमिकता,<br>– सामाजिक रुपान्तरणका लागि योगदान<br>वा यस्तै समानता लेखि तालिकामा प्रस्तुत गरेमा बढीमा</td><td>4</td></tr>
<tr><td>11.</td><td>– दाइजो भन्दा पढाउनु पर्छ भन्ने कुरामा जोड,<br>– दाइजो लिनु र दिनु नराम्रो कुरा हो,<br>– दाइजो सम्बन्धी कानूनी प्रावधानहरु प्रष्ट्याउने,<br>– दाइजो प्रथाले छोरी र छोरा बीचको भिन्नतालाई बढाउँछ<br>भन्ने जस्ता मिल्दा जुल्दा ४ बुँदा उल्लेख गरेमा ।</td><td>4</td></tr>
<tr><td>12.</td><td>– मतदाता शिक्षा कार्यकर्तालाई प्रभावकारी तालिम नहुनु,<br>– पर्याप्त मात्रामा समय नहुनु,<br>– मतदाता सामग्रीको पर्याप्तता नहुनु<br>– मतदातामा मतदानप्रतिको अनिच्क्षा आदि ।</td><td></td></tr>
<tr><td>13.</td><td>पृथ्वीको भित्री वा बाहिरी शक्तिको कारणले आकस्मिक रुपमा उत्पन्न हुने विपत्ति ( घटनाले) जनधनमा ठूलो असर पार्दछ भने त्यसलाई प्राकृतिक प्रकोप भनिन्छ । भनी लेखेमा ।<br>भूकम्प र बाढी पहिरो बीच निम्न बुँदामा फरक देखाएमा :<br><table><tr><th>भूकम्प</th><th>बाढी पहिरो</th></tr><tr><td>१.स्थल सतहमादहुने आन्तरिक हलचल ।<br>२.पृथ्वीको सतहमा कम्पन आउँछ ।<br>३.जुनसुकै भू सतहको स्वरुपमा परिवर्तन ल्याउँछ ।</td><td>१.भू स्खलन<br>२.घना वर्षाका कारण<br>३.पहाडी क्षेत्रमा ।</td></tr></table>(आदि वा यस उत्तरसंग मिल्दो कुनै ३ फरक देखाउन सक्ने छन्)</td><td>1<br>3</td></tr>
<tr><td>14.</td><td>निम्न आर्थिक क्रियाकलापहरु बुँदागत रुपमा उल्लेख गरेमा ।<br>सम्भावित आर्थिक क्रियाकलापहरु :<br>– वनजंगल प्रयोग गरी ठूला-ठूला कागजकारखाना सञ्चालनमा संलग्न रहेका,<br>– पशुपालन जस्ता व्यवसायमा संलग्न रहेका,</td><td>4</td></tr>
</table>

| | | |
|---|---|---|
| | – पर्यटन व्यवसायमा संलग्न रहेका,<br>– जडीबुटी संकलन र बेचविखनमा संलग्न रहेका,<br>जस्ता मिल्दा-जुल्दा अन्य बुँदा लेखेकोमा अङ्क दिने । | |
| 15. | वि.सं. २००७ - २०१७ सालसम्मकाकुनै राजनीतिक घटना उल्लेख गरी उपयुक्त मिति सहित समयरेखामा देखाएमा । | 4 |
| 16. | देशको आर्थिक विकासमा जलविद्युत शक्तिका प्रशस्त उत्पादन गनुपर्ने तर्क चार ओटा बुँदामा लेखेमा<br>वा<br>देशको आर्थिक विकासमा वैकल्पिक उर्जाको विकास गर्नुपर्ने तर्क चारओटा बुँदामा लेखेमा<br>वा<br>देशको आर्थिक विकासमा जलविद्युत शक्ति वा वैकल्पिक उर्जा दुबैको विकास गर्नुपर्ने लेखेमा । | 4 |
| 17. | संयुक्त राष्ट्रसङ्घमा नेपालले खेलेको ४ भूमिकानिम्नानुसार मिल्दो बुँदा लेखेमा<br>– संयुक्त राष्ट्रसंघमा शान्ति सेना पठाएको ।<br>– दुई पटक संयुक्त राष्ट्रसंघको सुरक्षा परिषदको अस्थायी सदस्यभएको ।<br>– संयुक्त राष्ट्रसंघको नीति, निर्देशन, सन्धीहरुको पालना गरेको ।<br>– संयुक्त राष्ट्रसंघका धेरै जसो सम्मेलन र कार्यक्रममा सक्रिय रहेको । | 4 |
| 18. | निम्नतथ्यहरु समेटी आफ्नो मूल्याङ्कन निर्वाचन आयोगले खेलेको भूमिका उल्लेख गरेमा।<br>– राजनैतिकदलहरुलाई सहमतिमाल्याउन सफल,<br>– छिटपुट घटना बाहेक निर्वाचन स्वच्छ र निष्पक्ष बनाउन सफल,<br>– मतदाता शिक्षा प्रभावकारी सञ्चालन गर्न नसकेको किनकि मतबदर सङ्ख्या धेरै भएको,आचार संहिताको प्रभावकारी कार्यान्वयन हुन नसकेको<br>– प्रतिकुल अवस्थामा पनि निर्वाचन अनुकुल बनाई आफ्नो दायित्व प्रभावकारी रुपमा निर्वाह गरेको आदि ।<br>फोटो सहितको मतदाता नामावलीले निम्न कारणले निर्वाचनलाई स्वच्छ र निष्पक्ष बनाउन टेवा पुऱ्याएको छ भनी ४ ओटा बुँदा लेखेमा ।<br>– धाँधली गर्नबाट फोटो भएकाले रोक लगाएको,<br>– फर्जीमत खस्ने, अर्काको नाममा भोट हाल्ने कार्य पूर्णत निस्तज भएको,<br>– नाम, ठेगाना लगायतका विषयहरुमा अस्पष्टता नहुने यसबाट राजनैतिक दलहरु बीचको विवाद रोक्ने,<br>– मतदाताले कसैको दवाबमा नपरी स्वविवेकले मतदान गर्ने । | 3<br><br>4 |
| 19. | नक्सा बनाएकोमा ३ अङ्क<br>विवरण भरेको ४ अङ्क | 3<br>4 |


स्याउ उत्पादन क्षेत्र
दिक्तेल
तिनाउ नदी
छिन्नमस्ता मन्दिर

अथवा


पराना नदी
मकर रेखा
1000 km
600 mi
© d-maps.com

| | | |
|---|---|---|
| 20. | राजनीतिक विचारधारामा – कम्यूनिष्ट विचारको उदयभएसंगै यूरोपमा बढ्दो द्वन्द्व<br>बदलाको भावना –जर्मनी र फ्रान्स दुबैमा भर्सिलिज सन्धीकाकारण बढ्दो बदलाको भावना ।<br>राष्ट्रसंघको चार्टरमा भएका त्रुटी, शक्तिशाली राष्ट्रहरुको असहयोग आदिलाई व्याख्यात्मक वर्णन समेटी उदाहरण समेत दिएर प्रष्ट पारेमा ।<br>पृष्ठभूमि तयार पारेमा । | 2×3=6<br>1 |
| 21. | औपचारिक वित्तिय संस्थामा बचत गर्न वा ऋण लिंनुका फाइदाहरु वा उपयुक्ततताहरु<br>सुरक्षित,<br>– नियमित निरीक्षण,<br>– निश्चित व्याजदर,<br>– पारदशिता<br>– कानुन बमोजिमका आर्थिक गतिविधि<br>– उत्पादनमुलक क्षेत्रमा लगानी हुने<br>अन्य घरायसी कार्यमा सहयाोग पु-याउने | 7 |

Symbol No.................. RE-123'CC'

**SEE 2074 (2018)**

# अनिवार्य सामाजिक अध्ययन

**(नयाँ पाठ्यक्रम)**

**दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् ।**

**समय : २ घन्टा १५ मिनेट** **पूर्णाङ्क : ७५**

## समूह 'क' (Group 'A')

**तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् ।** **७x१=७**

**Write very short answer of the following questions.**

१. प्रदेश नं. ३ का कुनै दुईओटा सामाजिक/सांस्कृतिक विशेषता उल्लेख गर्नुहोस् ।
Mention any two socio-cultural features of province no. 3.

२. सहस्राब्दी विकास लक्ष्यको सन्दर्भमा नेपालले प्राप्त गरेको महत्त्वपूर्ण एउटा सफलता लेख्नुहोस् ।
Write one important achievement that Nepal achieved in reference to the Millennium Development Goals.

३. तपाईंको विचारमा लुम्बिनीलाई किन विश्व सम्पदा सूचीमा सूचीकृत गरिएको होला ?
In your view, why was Lumbini enlisted in the world heritage site?

४. घरेलु हिंसा नियन्त्रणमा स्थानीय सरकारले खेल्ने एउटा भूमिका लेख्नुहोस् ।
Write a role that local government can play to control domestic violence.

५. २०६२/६३ को जनआन्दोलनपछि देशमा भएको कुनै एक सामाजिक प्रभाव उल्लेख गर्नुहोस् ।
Write a social effect brought in the country after the People's Movement 2062/63

६. नेपालले जलविद्युत् क्षेत्रलाई बढी प्रभावकारी बनाउन के गर्नुपर्छ ? एक उपयुक्त सुझाव प्रस्तुत गर्नुहोस् ।
What should Nepal do to make hydro power sector more effective? Present an appropriate suggestion.

७. विश्वव्यापीकरणले ल्याउन सक्ने कुनै एक नकारात्मक असर लेख्नुहोस् ।
Write any one negative effect which may be caused by globalization.

## समूह 'ख' (Group 'B')

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् ।** **१०x४=४०**

**Write short answer of the following questions.**

८. प्रदेश नं. ६ मा जलविद्युत् विकासको सम्भावना प्रशस्त छ, कसरी ? उदाहरणसहित लेख्नुहोस् ।
There are high possibilities of hydroelectricity development in Province no. 6, how? Write with example.

९. नेपालमा दिगो विकासका लक्ष्य प्राप्त गर्न के-के चुनौतीहरु छन् ? लेख्नुहोस् ।
What are the challenges to obtain the goals of sustainable development in Nepal? Write them.

क्रमशः

१०. 'सहिदको योगदानको कदरको निम्ति सहिद दिवस मनाइन्छ' यस दिवसलाई प्रभावकारी रुपमा मनाउन कुनै चारओटा कार्यक्रमको सूची बनाउनुहोस्।
'We observe the Martyr's Day to respect the contribution of our Martyrs.' Make a list of any four programmes for the celebration of this day effectively.

११. तपाईंले टुहुरा तथा अनाथ बालबालिकाको संरक्षण र विकासका लागि संस्था खोल्न चाहने व्यक्ति वा समूहलाई के सुझाव दिनुहुन्छ ? उनीहरुले गर्न सक्ने कार्य सम्बन्धमा चार सुझाव दिनुहोस्।
What suggestion would you give to a person or group aspiring to open an institution to protect and develop the orphans and destitute children? State any four suggestions which they can do in this regard.

१२. मानौं, भर्खरै सम्पन्न निर्वाचनबाट तपाईंलाई आफ्नो प्रदेशको मुख्यमन्त्रीको जिम्मेवारी दिइयो। तपाईंको प्रदेशको विकासमा तपाईंले निर्वाह गर्ने भूमिका चार बुँदामा लेख्नुहोस्।
Suppose, you are given the responsibility of Chief Minister of your province through recently held election. Write any four points on the role you play for the development of your province.

१३. यदि तपाईं अफ्रिकाको सभाना घाँसे क्षेत्रमा पुग्नुभयो भने त्यहाँ तपाईंले आनन्द लिन सक्ने चार कुराहरु र सामना गर्नुपर्ने चार समस्याहरु उल्लेख गर्नुहोस्।
If you reach in Savana grassland of Africa, mention four things that you can enjoy and four problems that you may face there.

१४. विश्व अवस्थिति प्रणाली (Global Positioning System) भनेको के हो ? आधुनिक नक्सा निर्माणमा भौगोलिक सूचना प्रणाली (GIS) र विश्व अवस्थिति प्रणाली (GPS) प्रयोगमा आउनुका तीन कारण लेख्नुहोस्।
What do you mean by Global Positioning System (GPS)? What are the three reasons to use Geographical Information System (GIS) and Global Positioning System for modern mapping.

१५. तल दिइएको तालिकालाई समयरेखामा देखाउनुहोस्।
Show the given table in time line.

| मिति (Date) | घटना (events) |
|---|---|
| सन् १९१४ जुन २८<br>AD 1914 June 28th | अष्ट्रिया हंगेरीका राजकुमार फ्रेन्ज फ्राडिनान्डको हत्या<br>Murder of the crown prince of Austria-Hungary Franz Fredinand |
| सन् १९१७ अप्रिल ६<br>AD 1917 April 6th | अमेरिकाबाट जर्मनीविरुद्ध युद्धको घोषणा<br>The USA declared war against Germany |
| सन् १९१९ जनवरी १८<br>AD 1919 January 18th | पेरिस शान्ति सम्मेलन सम्पन्न<br>Paris Peace Conference was held. |
| सन् १९२० जनवारी १०<br>AD 1920 January 10th | राष्ट्रसंघको स्थापना<br>Establishment of the League of Nations |

क्रमशः

१६. तलको भनाइप्रति आफ्नो धारणा व्यक्त गर्दै उक्त कर तिर्न नचाहने व्यक्तिलाई तीन सुझाव दिनुहोस् ।

‘आ, म त कर तिर्न चाहन्न बरु कम आम्दानी देखाएर भए पनि पैसा जोगाउँछु । बैंकमा राख्यो भने ब्याज त आउँछ ।’

Give your opinion on the following statement and suggest in three points to the person aspiring to avoid tax.

'Hey, I don't want to pay tax rather I show less income and save money, I can get interest if I deposit in a bank.'

१७. संयुक्त राष्ट्रसंघको स्थापना कहिले भएको थियो ? यसको स्थापनाको ऐतिहासिक पृष्ठभूमि लेख्नुहोस् ।

When was the UNO established? Give the historical background of its establishment.

## समूह ‘ग’ (Group 'C')

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् । ४x७=२८**

**Write long answer of the following questions.**

१८. निर्वाचन आचारसंहिताको महत्त्व प्रस्ट पार्नुहोस् । निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयन गर्न निर्वाचन आयोगको भूमिका कस्तो हुनुपर्छ ? बुँदागत रुपमा विश्लेषण गर्नुहोस् ।

Clarify the importance of Election Code of Conduct. What roles should Election Commission have to play to implement Election Code of Conduct effectively? Analyse in points.

१९. पृष्ठभरि नेपालको नक्सा बनाई निम्न तथ्यहरु भर्नुहोस् ।

Draw a full page map of Nepal and insert the following facts in it.

दूधकोशी नदी (River Dudhkoshi)

गढीमाई मन्दिर (Gadhimai Temple),

बेगनास ताल (Lake Begnas)

घोराही (Ghorahi)

**अथवा (Or)**

दक्षिण अमेरिकाको नक्सा बनाई निम्न तथ्यहरु भर्नुहोस् ।

Draw a map of South America and insert the following facts there.

भूमध्य रेखा (Equator)

गुयानाको खाडी (Gulf of Guina)

मलावी ताल (Lake Malawi)

क्यामरुन पहाड (Mt. Cameroon)

क्रमशः

२०. वि.सं. २००७ साल देखि २०६३ सालसम्मको नेपालको इतिहास अध्ययन गर्दा राजनीतिक उतार चढाव उच्च देखिन्छ । किन ? छ बुँदामा कारण उल्लेख गर्नुहोस् ।
The political situation of Nepal is highly ebb and flow between the period of 2007 B.S. to 2063 B.S. State any six reasons.

२१. गैरकर राजस्वका कुनै चार स्रोतहरु उल्लेख गर्नुहोस् । गैरकर राजस्व संकलन प्रक्रिया, कर राजस्वभन्दा फरक हुन्छ, कसरी ? बुँदागत रुपमा प्रस्तुत गर्नुहोस् ।
Mention any four sources of non-tax revenue. Process of non-tax revenue collection is different than tax-revenue, how? Present in points.

✍ ✍ ✍

# माध्यमिक शिक्षा परीक्षा २०७४ (SEE 2018)
# उत्तरकुञ्जिका (Marking Scheme)

## विषयः **अनिवार्य सामाजिक अध्ययन**

पूर्णाङ्कः- ७५

उत्तरपुस्तिका परीक्षण कुञ्जिका उत्तरपुस्तिका परीक्षणको निम्ति परीक्षकलाई सामान्य मार्गनिर्देशन हो । परीक्षकले उत्तरको शुद्धता, स्तरीयता, मौलिकता आदि हेरी आवश्यकता अनुसार विवेक प्रयोग गरी स्तर अनुसार सही, स्पष्ट, उपयुक्त, मापनीय र स्तरीय मूल्याङ्कन गर्नुपर्ने छ । सम्भव भएसम्म कुञ्जिकाले निर्देश गरेको परिधि र सीमाभित्र रही मूल्याङ्कन गर्नुपर्ने छ ।

| Q.No. | उत्तर | Marks |
|---|---|---|
| 1. | – शिक्षा र चेतनामा अन्य प्रदेश भन्दा अग्रणी रहेको<br>– विश्व सम्पदा सूचीमा सुचिकृत अधिकांश सम्पदाहरु रहेको<br>– जातिय र भाषिक विविधता<br>– धार्मिक विविधता आदि ।<br>यी र यस्तै मिल्दो कुनै एक बुँदा लेखेमा । | 1 |
| 2. | सफल छ किनभने गरिबी नियन्त्रण भएको, प्राथमिक शिक्षामा पहुँच विस्तार भएको, वातावरण संरक्षण भएको वा छैन, लैङ्गिक विभेद पूर्ण अन्त्य गर्न नसकिएको, गरिबी निवारण आशातित गर्न नसकिएको वा यस्तै मिल्दा उत्तर लेखेमा । | 1 |
| 3. | गौतम बुद्धको जन्म स्थल भएको, धार्मिक तथा साँस्कृतिक महत्व रहेकाले वा यस्तै उत्तर लेखेमा । | 1 |
| 4. | हिंसा बिरुद्ध चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, स्थानीय सरकारले प्रदान गर्ने सुविधा उपयोगमा रोक लगाउने, स्थानीय स्तरमा कानून निर्माण गर्ने, कानून कार्यान्वयनमा जोड दिने वा यस्तै मिल्दा उत्तर लेखेमा । | 1 |
| 5. | – समानुपातिक समावेशिकरणको कार्यान्वयन<br>– आरक्षणको व्यवस्था<br>– हलिया प्रथा उन्मूलन<br>– संचार प्रविधिमा प्रगति<br>– महिला र शसक्तिकरणमा वृद्धि<br>– सामन्ति सोच र संस्कारमा कमि ।<br>यी र यस्तै कुनै १ मिल्दो बुँदा लेखेमा । | 1 |
